# सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं

**प्रस्तावना** : धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएकोले सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनिकरण, नियन्त्रण तथा नियमन गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न विश्व स्वास्थ्य संगठन सूर्ति नियन्त्रण संरचना महासन्धी (WHO Framework Convention on Tonbacco Control-WHOFCTC), सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र यस सम्बन्धी नियमावलीको मर्म अनुरुप सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन र अनुगमन कार्यलाई व्यवस्थिंत, पारदर्शी र प्रभावकारी बनाउन वान्छनीय भएकोले,

सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने नियमावली, २०६८ को नियम २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद १: प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१" रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ सम्झनु पर्छ ।

(ग) "निर्देशिका" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९ र सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम २३ बमोजिम जारी भएका निर्देशिकाहरु सम्झनु पर्छ ।

(घ) "निरीक्षक" भन्नाले नेपाल सरकारले ऐनको दफा १२ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँ विकास समिति सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(छ) "प्रहरी" भन्नाले प्रहरी ऐन २०१२ वा सशस्त्र प्रहरी ऐन २०५८ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ । सो शब्दले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका प्रहरी समेतलाई जनाउने छ ।

(ज) "उत्पादक लगायत" भन्नाले सूर्तिजन्य पदार्थको उत्पादक, उद्योग, कम्पनी, कारखाना, व्यवसायी, निकासी पैठारीकर्ता, बिक्रीवितरक सम्झनु पर्छ र सो शब्दले सूर्तिखेती गर्ने कृषक समेतलाई जनाउँछ।

(झ) "उत्पादन" भन्नाले सूर्तिजन्य पदार्थहरुको उत्पादन सम्झनु पर्छ।

(ञ) "सूर्ति उद्योग हस्तक्षेप" भन्नाले उत्पादक लगायतले सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न नेपाल सरकारबाट जारी भएका नीति र प्रचलित नेपाल कानून प्रतिकूल हुने गरी गरेका काम कारवाही वा गतिबिधि सम्झनु पर्दछ ।

(ट) "सूर्ति उद्योग" भन्नाले सूर्तिजन्य पदार्थ उत्पादन गर्ने उत्पादक, उद्योग, कम्पनी, कारखाना, व्यवसायी, निकासी पैठारीकर्ता, बिक्रीवितरक, सूर्तिखेती गर्ने कृषक समेत सम्झनु पर्छ ।

(ठ) "सार्वजनिक निकायका पदाधिकारी" भन्नाले सरकारी, अर्धसरकारी र सार्वजनिक संस्थान वा निकायका कर्मचारी, संबैधानिक निकायका पदाधिकारी, सार्वजनिक पदधारण गरेका पदाधिकारी वा कर्मचारी सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारको स्वीकृतिमा संचालन हुने कुनै पनि गैह्र सरकारी, पेशागत र नीजि संघसंस्थाका पदाधिकारी वा कर्मचारी समेतलाई जनाउँछ।

(ड) "संस्थागत सामाजिक उत्तरदायित्व" भन्नाले उत्पादक लगायतले सामाजिक, आर्थिक र नीजि क्षेत्रमा प्रवाह गर्ने आर्थिक, प्राबिधिक, भौतिक र संरचनागत सहयोग सम्झनु पर्छ ।

(ढ) "अन्तरक्रिया" भन्नाले उत्पादक लगायतले सूर्तिजन्य पदार्थको बारेमा संचालन गर्ने बैठक, गोष्ठी, कार्यशाला र यस्ता कार्यक्रममा गरिने प्रदर्शन, छलफल, प्रबचन, भाषण, प्रस्तुती र अभिव्यक्ति समेत सम्झनु पर्छ ।

(ण) "विवरण" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमवाली, २०६८ को दफा (ड) मा उल्लेखित विवरण सम्झनु पर्छ ।

(त) "प्रबर्द्धन वा बिज्ञापन" भन्नाले सूर्तिजन्य पदार्थको उत्पादन, आयात, बिक्रीवितरण तथा सेवन कार्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रबर्द्धन एवं विज्ञापन हुने गरी कुनै पनि व्यापारिक सूचना, सन्देश वा जानकारी, मूल्य सूची, चित्र वा चिन्ह, लोगो, ब्रान्ड कुनै पनि संचार माध्यम वा तरीकाबाट प्रकाशन, प्रशारण, प्रदर्शन र वितरण गर्ने कार्य सम्झनु पर्छ ।

(थ) "प्रायोजन" भन्नाले सूर्तिजन्य पदार्थको उत्पादन, आयात, बिक्रीवितरण तथा सेवन कार्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रबर्द्धन एवं विज्ञापन हुने गरी कुनै गतिबिधि, क्रियाकलाप वा कार्यक्रम संचालन गर्नु वा व्यक्तिगत रुपबाट त्यस्तो गतिबिधिलाई सकारात्मक योगदान पुऱ्याउने कार्य सम्झनु पर्छ ।

(द) "सूर्तिजन्य पदार्थ नियन्त्रण" भन्नाले सूर्तिजन्य पदार्थको उत्पादन, माग, आपूर्तिमा कमी ल्याउने र यसबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक असर एवं हानि न्यूनीकरण तथा नियन्त्रण कार्य सम्झनु पर्छ ।

(ध) "दोश्रो व्यक्तिले गरेको धुम्रपान" भन्नाले सल्किरहेको चुरोट वा अन्य सूर्तिजन्य पदार्थबाट उत्सर्जन भएको धुंवा धुम्रपान गरेको व्यक्तिले फ्याक्ने धुंवासंग मिसिएर आउने अवस्थालाई सम्झनु पर्छ ।

(न) "शतप्रतिशत धुम्रपामन रहित वातावरण" भन्नाले कुनै स्थान वा कोठा वा क्षेत्रमा सूर्तिजन्य पदार्थको उत्पादन, निकासी, पैठारी, विक्रि वितरण, विज्ञापन, प्रर्वद्धन, प्रायोजन र सेवन गर्न पूर्ण रुपले निषेध गरिएको अवस्था सम्झनु पर्छ ।

(प) "सार्वजनिक स्थल" भन्नाले ऐनको दफा ३ बमोजिमको सार्वजनिक स्थल सम्झनु पर्छ । सो शब्दले साझा वा सामूहिक गतिविधि सञ्चालनको लागि सर्वसाधारण जनताको पहूँच भएको सरकारी, गैह्रसरकारी, निजी वा व्यक्तिद्वारा निर्माण गरिएको सुविधायुक्त स्थल समेतलाई जनाऊँछ।

(फ) "भित्री वा बन्द स्थल" भन्नाले जुनसुकै पदार्थद्वारा बनाइएको स्थायी वा अस्थायी संरचनायुक्त छाना भएको वा एक वा सो भन्दा बढी पर्खाल वा किनाराद्वारा घेरिएको स्थल सम्झनु पर्छ ।

(ब) "कार्यस्थल" भन्नाले तलब लिएर वा स्वेच्छिक रुपमा काम गर्ने व्यक्तिले कार्य सम्पादन गर्दा प्रयोग गर्ने खुला वा घेरिएको स्थिर वा अस्थिर कुनै कोठा वा ठाउं सम्झनु पर्छ र सो शब्दले कर्मचारीले काम गर्ने स्थलको अलावा सामान्यतया काम गर्ने ठाउंसंग जोडिएका वा सम्बद्ध कोठासम्म पुग्ने बाटो, लिफ्ट भर्याङ, प्रतिक्षाकक्ष, चमेनागृह, शौचालय, भान्छाघर तथा भवनभन्दा पर रहेका सवारी साधन राख्ने टहरो वा छाप्रो समेतलाई जनाउनेछ ।

(भ) "सार्वजनिक सवारीका साधन" साधन भन्नाले सर्वसाधारणले उपयोग गर्ने भूमि, हवाई तथा सामुद्रिक यातायातका साधन सम्झनु पर्छ र सो शब्दले व्यापारिक प्रयोजन वा आय आर्जन गर्ने उद्देश्यले आम नागरिकलाई ओसार पसार गर्ने सवारी साधन समेतलाई जनाउंनेछ ।

## परिच्छेद २:
## निरीक्षकको कामकारवाही व्यवस्थित र प्रभावकारी बनाउने

३. **व्यवस्थापकको काम कारवाहीको निरीक्षण र अनुगमन गर्नेः** (१) व्यवस्थापकले आफूसंग सम्बन्धित सार्वजनिक स्थलमा देहाय बमोजिमका काम कारवाही गरे वा नगरेको सम्बन्धमा समय समयमा निरीक्षकले निरीक्षण गर्नु र आवश्यक निर्देशन दिनु पर्नेछः-

(क) ऐनको दफा ३ बमोजिमको सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन कार्य बन्द गरिएको वा नगरिएको,

(ख) ऐनको दफा ५, नियमावलीको नियम ४ र नियम ११ बमोजिम सबैले देख्न र पढ्न सक्ने गरी सार्वजनिक स्थलको विभिन्न ठाउँमा धुम्रपान तथा सूर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना टाँस गरे वा नगरेको,

(ग) कारागार, विमानस्थल वा पर्यटकीय स्तरको होटलको कुनै खास ठाउँमा मात्र अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धुम्रपान वा सूर्ति सेवन गर्ने सम्बन्धमा ऐनको दफा ४ र नियमावलीको नियम ३ बमोजिमको आवश्यक व्यवस्थ मिलाइएको वा नमिलाइएको,

(घ) शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय जस्ता सार्वजनिक स्थलको परिसरबाट कम्तीमा एकसय मिटर दुरी भित्रको घर, पसल वरीपरीबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण भए वा नभएको,

(ङ) अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न, ओसार पसार गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउने कार्यहरु भएको वा नभएको,

(च) निःशुल्क रुपमा सूर्तिजन्य पदार्थ वितरण गर्ने वा उपहार दिने कार्य भए वा नभएको,

(छ) सूर्तिजन्य पदार्थ प्रति आकर्षण हुने गरी बिक्री स्थल सजावट गर्ने वा त्यस्तो पदार्थको प्रदर्शन गरिएको वा नगरिएको,

(ज) ऐनको दफा १७ को उपदफा (२) बमोजिम जरिवाना वापत लिएको रकम अशुल गरी म.ले.प. फाराम नं. ११ को रसीद भरी दिने गरेको वा नगरेको,

(झ) ऐनको दफा १७ को उपदफा (२) बमोजिम जरिवाना वापत लिएको रकम राजस्व खातामा जम्मा गरेको वा नगरेको,

(ञ) सम्बन्धित निर्देशिका कार्यान्वयन भए नभएको ।

(२) निरीक्षकले सार्वजनिक स्थलका व्यवस्थापकहरुलाई ऐन र यस सम्बन्धी नियम र निर्देशिकाको कार्यान्वयन गर्न र कार्यान्वयनका सन्दर्भमा देखिएका चुनौतीबारे समय समयमा निर्देशन दिन सक्नेछ ।

(३) निरीक्षकले निरीक्षणको क्रममा व्यवस्थापकलाई दिएका निर्देशनको विवरण अध्यावधिक गरी राख्नु पर्नेछ र व्यवस्थापकलाई दिइएका निर्देशन बमोजिम भए गरेको प्रगति विवरण पेश गर्न व्यवस्थापकलाई निर्देशन दिनेछ ।

(४) उपदफा (२) बमोजिमको निर्देशन दिनका लागि निरीक्षकले सार्वजनिक स्थलका व्यवस्थापकहरुलाई लक्षित गरी बैठक वा गोष्ठी वा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्न सक्नेछ ।

४. <u>लेबुल, ट्रेडमार्क, र्‍यापर्स र प्याकेजिङ्गको निरीक्षण गर्ने</u> : (१) उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स र प्याकेटमा ऐनको दफा ७ बमोजिमको विवरण उल्लेख गरेको वा पालना भएको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले निरीक्षण गर्नु पर्नेछ ।

(२) उत्पादकले नियमावलीको नियम ७ बमोजिम चुरोट वा बिडीको बट्टा, र्‍यापर्स र प्याकेट तयार गरेको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले निरीक्षण गर्नु पर्नेछ ।

(३) सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स र प्याकेटमा सूर्तिजन्य पदार्थ प्रबर्द्धन वा विज्ञापन हुने खालका सन्देश वा चित्र वा चिन्ह राखे वा नराखेको र उत्पादन भएका मिति उल्लेख भए नभएको समेत निरीक्षण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निरीक्षण गर्दा ऐनको दफा ७ को उपदफा (१) बमोजिमको बिबरण उल्लेख नगरेको वा ऐनको दफा ७ को उपदफा (२), (३) र (४) विपरित काम कारवाही भएको पाइएमा निरीक्षकले तत्काल त्यस्तो कार्य गर्न रोक्न निर्देशन दिनु पर्नेछ र प्रचलित कानून अनुसार आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ ।

५. <u>चेतावनीमूलक सन्देश तथा चित्र छाप्ने तथा अंकित गर्ने सम्बन्धी व्यवस्था</u> : (१) उत्पादकले ऐनको दफा ९ तथा यस सम्बन्धी नियमावली र निर्देशिका बमोजिम सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख भए नभएको सम्बन्धमा निरीक्षकले समय समयमा देहाय बमोजिमका निरीक्षण कार्य गर्नु पर्नेछः-

(क) सूर्तिजन्य पदार्थ सम्बन्धी उद्योग तथा करलकारखाना भएको जिल्लाको हकमा निरीक्षकले त्यस्ता उद्योग तथा करलकारखानाको स्थलगत निरिक्षण गरी ऐन नियमावली तथा निर्देशिकाको पालना भए नभएको सम्बन्धमा निरीक्षण गरी पालना नभएको पाएमा तत्काल पालना गर्न निर्देशन दिने,

(ख) उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्गमा चेतवनीमूलक सन्देश तथा चित्र छपाई गर्ने र प्याकेजिङ्ग गर्ने गरेको वा नगरेको,

(ग) सूर्तिजन्य पदार्थका खुद्रा र थोक बिक्रेताको स्टोर र बिक्री वितरण स्थल निरीक्षण गरी चेतावनीमूलक सन्देश तथा चित्र छापिएका सूर्तिजन्य पदार्थ बिक्री वितरण भएको वा नभएको एकीन गर्ने,

(घ) सूर्तिजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सल प्याकेजिङ्गमा आन्तरिक राजस्व कार्यालयको स्टीकर टाँस भएको वा नभएको तथा सो स्टीकरले चेतावनीमूलक सन्देश तथा चित्र छोपेको छ वा छैन,

(ङ) सूर्तिजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्गमा ऐन र यस सम्बन्धी नियमावली तथा निर्देशिका बमोजिम चेतावनीमूलक सन्देश तथा चित्र छापिएको वा नछापिएको,

(च) ऐनको दफा ९ र यस सम्बन्धी नियमावली र निर्देशिका बमोजिम तोकिएको गुणस्तरमा चेतावनीमूलक सन्देश तथा चित्र छापिएको वा नछापिएको,

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा ऐनको दफा ९ र नियमावली तथा निर्देशिकाको प्रतिकूल भएको पाइएमा तत्काल कारवाही अगाडि बढाउने र तत्सम्बन्धी जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ ।

(३) आयातकर्ताले ऐनको दफा ९ को उपदफा (१) बमोजिम मापदण्ड पूरा भएका सूर्तिजन्य पदार्थ आयात गरेको छ वा छैन भन्ने सम्बन्धमा कडाईका साथ छानवीन गर्न निरीक्षकले सम्बन्धित निकायका पदाधिकारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

६. **विज्ञापन, प्रबर्द्धन तथा प्रायोजन कार्य नियन्त्रण गर्ने:** (१) निरीक्षकले ऐनको दफा १० र नियमावली तथा निर्देशिका कार्यान्वयन गर्ने सिलसिलामा निरीक्षकले देहाय बमोजिम कार्य गर्नु पर्नेछः-

(क) उत्पादक, सञ्चार माध्यम, संघसंस्था र व्यक्तिहरु लगायतलाई सूर्तिजन्य पदार्थको बिज्ञापन, प्रबर्द्धन र प्रायोजन नगर्न सूचित गर्ने,

(ख) उत्पादक, सञ्चार माध्यम, संघसंस्था र व्यक्तिहरुले सूर्तिजन्य पदार्थको बिज्ञापन, प्रबर्द्धन र प्रायोजन गरेको नगरेको अनुगमन गर्ने,

(ग) कसैले सूर्तिजन्य पदार्थको बिज्ञापन, प्रबर्द्धन र प्रायोजन हुने गरी होर्डिङ्गबोर्ड, फ्लेक्सबोर्ड, भित्तेलेखन र अन्य सूचना सामग्रीहरु प्रदर्शन गरेको वा नगरेको अनुगमन गर्ने,

(घ) पत्रपत्रिका, टेलिभिजन र रेडियोहरुले सूर्तिजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन हुने गरी कार्यक्रम, सन्देश, लोगो, चिन्ह वा चित्र प्रकाशन वा प्रशारण गर्ने गरेको वा नगरेको,

(२) कसैले सूर्तिजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन हुने गरी राखिएका पुराना होर्डिङ्ग बोर्ड, फ्लेक्सबोर्ड, भित्तेलेखन लगायतका सामग्रीहरु हटाएको नपाईएमा निरीक्षकले तत्काल हटाउन लगाउनु पर्नेछ ।

(३) कसैले सूर्तिजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन हुने गरी ऐनको दफा १० र नियमावली तथा निर्देशिका विपरित कुनै कार्य गरेमा त्यस्ता व्यक्ति वा निकाय उपर निरीक्षकले प्रचलित कानून बमोजिम आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ ।

७. **बिक्री वितरण तथा प्रदर्शनमा बन्देज लगाउने:** (१) ऐनको दफा ११ को उपदफा (१) को पालना भएको छ छैन वा नियमावलीको नियम ११ बमोजिम सूर्तिजन्य पदार्थको विक्रेताले सूचना पाटी टाँस गरेको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले निरीक्षण गर्नु पर्नेछ ।

(२) ऐनको दफा ११ को उपदफा (३) को पालना भएको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले समय समयमा निरीक्षण गरी सो को प्रभावकारी रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

(३) नेपाल सरकारले सूर्तिजन्य पदार्थ बिक्री बितरण गर्न समेत ईजाजत पत्र लिनु पर्ने व्यबस्था गरेको अवस्थामा सोको पालना भएको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले निरीक्षण गर्नुपर्नेछ ।

(४) उत्पादक वा आयातकर्ता वा व्यवस्थापक वा सूर्तिजन्य पदार्थको व्यवसायी वा विक्री वितरक लगायत कसैले पनि सूर्तिजन्य पदार्थप्रति आकर्षण हुने गरी विक्रीस्थल सजावट तथा त्यस्तो पदार्थको प्रदर्शन गरेको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले निरीक्षण गर्नु पर्नेछ ।

(५) कसैले ऐनको दफा ११ र नियमावलीको नियम ११, १३ र १४ विपरित सूर्तिजन्य पदार्थको बिक्री वितरण गरेको पाईएमा त्यस्तो कार्य गर्ने उत्पादक, आयातकर्ता, व्यवस्थापक, सूर्तिजन्य पदार्थको व्यवसायी, विक्री वितरक, खरिदकर्ता लगायतलाई निरीक्षकले तत्काल त्यस्तो कार्य गर्न रोक्न निर्देशन दिनेछ र प्रचलित कानून अनुसार आवश्यक कारवाही अगाडि बढाउने छ ।

८. **कार्यक्रम संचालन गर्ने र गर्न लगाउने:** (१) निरीक्षकले ऐन, नियमावली र निर्देशिकाको पालना गराउन वा सम्बन्धित उत्पादक, आयातकर्ता, व्यवस्थापक, व्यवसांयी, विक्री वितरक, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय, अन्य निकाय वा व्यक्तिलाई निर्देशन दिनका लागि बैठक संचालन, निरीक्षण तथा अनुगमन भ्रमण कार्यक्रम जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयको समन्वयमा संचालन गर्न सक्नेछ ।

(२) निरीक्षकले सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने, सूर्तिजन्य पदार्थको प्रयोगबाट मानव स्वास्थ्यमा लाग्ने रोगहरुको रोकथाम, नियन्त्रण तथा उपचार र सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी कानूनी व्यवस्थाको बारेमा जनचेतनामूलक र अन्य सेवामूलक कार्यक्रम सञ्चालन गर्न गराउन जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिमको कार्यक्रम अन्य सरकारी, साझेदार, नीजि, समाजिक संस्था वा गैह्रसरकारी अस्पतालले सञ्चालन गरेको अवस्थामा निरीक्षकले सोको पनि निरीक्षण, अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्नका लागि सम्बन्धित निकायहरुलाई निरीक्षकले सहजीकरण र सहयोग उपलब्ध गराईदिनु पर्नेछ ।

(५) यस दफा बमोजिम निरीक्षकको निर्देशन पालना गर्नु गराउनु सम्बन्धित सबै सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

९. **विवरण पेश गर्न लगाउने:** (१) निरीक्षकले ऐनको दफा ८ र नियमावलीको नियम ८ बमोजिम उत्पादक, निकासी र पैठारीकर्ताले मन्त्रालयमा पेश गर्नु पर्ने विवरण पेश भए नभएको सम्बन्धमा पनि निरीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा ऐनको दफा ८ र नियमावलीको नियम ८ बमोजिमको विवरण पेश नभएको पाईएमा निरीक्षकले तत्काल त्यस्तो विवरण पेश गर्न निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले निर्देशन दिएको सात दिन भित्र उत्पादक, पैठारी तथा निर्यातकर्ताले विवरणहरु मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र, टेकुमा पठाईसक्नु पर्नेछ र सोको एकप्रति निरीक्षक र जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयलाई पठाउनु पर्नेछ ।

१०. **उजूरी पेटिका राख्न लगाउने :** (१) निरीक्षकले व्यवस्थापकलाई आफूसंग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धुम्रपान वा सूर्ति सेवन गरेको वा ऐन तथा नियम विपरितका अन्य काम कारवाही गरेको छ भन्ने कुराको सूचना वा जानकारी दिनका लागि उजुरी पेटिका राख्न निर्देशन दिन सक्नेछ ।

(२) व्यवस्थापकले उपदफा (१) बमोजिम राखिएको उजूरी पेटिकामा परेका उजूरीहरु उपर भएको कारवाहीको प्रगति विवरण बार्षिक रुपमा निरीक्षक समक्ष पेश गर्नु पर्नेछ ।

११. **उजुरी:** (१) कसैले ऐन तथा नियम प्रतिकूल कुनै काम गरेमा निरीक्षक समक्ष अनुसुची-१ बमोजिमको ढाँचामा लिखित उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने उजुरीमा अन्य कुराका अतिरिक्त देहायका कुराहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछः-

(क) ऐन तथा सो सम्बन्धी नियम र निर्देशिका विपरित सार्वजनिक स्थलमा धुम्रपान वा सूर्ति सेवन गरेकोमा सो सम्बन्धी व्यवस्थापकको नाम, संस्थाको नाम, ठेगाना, फोन सम्पर्क भए सो समेत ।

(ख) ऐन तथा सो सम्बन्धी नियम र निर्देशिका विपरित सार्वजनिक स्थलमा धुम्रपान वा सूर्ति सेवन गर्ने व्यवस्थापकको नाम, संस्था र ठेगाना, फोन सम्पर्क भए सो समेत ।

(ग) ऐन तथा सो सम्बन्धी नियम र निर्देशिका विपरित सूर्तिजन्य पदार्थको विज्ञापन तथा प्रायोजन गर्ने संचारका माध्यम वा संस्थाको विवरण,

(घ) ऐन तथा सो सम्बन्धी नियम र निर्देशिका विपरित चेतनामूलक सन्देश तथा चित्र उल्लेख नभएका सूर्तिजन्य पदार्थको कारोवार गर्ने उत्पादक वा वितरकको विवरण

(ङ) ऐन तथा सो सम्बन्धी नियम तथा निर्देशिका विपरित भएका अन्य कार्यहरु र त्यस्तो कार्यमा संलग्न व्यक्ति वा सार्वजनिक स्थलका व्यवस्थापक सम्बन्धी अन्य विवरण,

(च) उजुरीमा उल्लेखित विवरणलाई पुष्ट्याई हुने कुनै प्रमाण भए सोको विवरण,

(छ) उजुरीकर्ताले उपदफा (१) बमोजिमको ढाँचामा निरीक्षक समक्ष उजुरी दिन नसक्ने अवस्था भएमा मौखिक रुपमा वा अन्य कुनै माध्यमबाट पनि निरीक्षक समक्ष उजुरी दिन सक्नेछ ।

(ज) खण्ड (छ) बमोजिमको उजुरीलाई लिखित विवरण तयार गरी सो उजुरीको आधारमा निरीक्षण कार्य गर्न कुनै बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिमको उजुरीकर्ताको नाम र ठेगाना यथासम्भव गोप्य रहने गरी निरीक्षकले काम कारवाही अगाडि बढाउनु पर्नेछ ।

१२. **सूर्तिजन्य पदार्थको नमूना लिने :** (१) निरीक्षकले सूर्तिजन्य पदार्थमा ऐनको दफा ८ को उपदफा (१) तथा नियमावलीको नियम ८ को उपनियम (१) बमोजिमको विवरण उल्लेख भएको वा नभएको भन्ने कुरा यकिन गर्नका लागि सूर्तिजन्य पदार्थ उत्पादन, सञ्चय र बिक्री वितरण हुने स्थानबाट सूर्तिजन्य पदार्थको नमूना लिन सक्नेछ ।

२) उपनियम (१) बमोजिम नमूना लिदा देहायका विवरणहरु उल्लेख गरी सो को अभिलेख राख्नुपर्नेछ :-

(क) नमूना लिइएको सूर्तिजन्य पदार्थको उत्पादकको नाम, ठेगाना,
(ख) नमूना लिइएको सूर्तिजन्य पदार्थको ट्रेडमार्क वा लेबुलको विवरण,
(ग) लिइएको नमूनाको परिमाण,
(घ) नमूना संकलन गरेको स्थान, मिति र समय ।

(३) निरीक्षकले उपदफा (१) बमोजिम नमूना संकलन गर्दा सम्भव भएसम्म स्थानीय व्यक्तिहरुलाई समेत रोहवरमा राखी मुचुल्का गराउनु पर्नेछ ।

(४) सूर्तिजन्य पदार्थको नमूना लिंदा निरीक्षकले त्यस्तो नमूना सम्बन्धित व्यक्तिलाई दिन, परीक्षण वा विश्लेषणको लागि सम्बन्धित निकायमा पठाउन र कार्यालयमा समेत राख्नको लागि छुट्टाछुट्टै भाँडोमा राखी सिलबन्दी गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिलबन्दी गरिएको भाँडाको बाहिरी आवरणमा सूर्तिजन्य पदार्थको नाम, मात्रा र सांकेतिक संख्या समेत उल्लेख गर्नु पर्नेछ ।

१३. **निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्ने :** (१) दफा १२ बमोजिम कसैको उजुरी परेमा वा ऐन वा नियमावली विपरित कुनै काम कारवाही भई रहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा निरीक्षकले सम्बन्धित स्थानमा गई निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ तथा खानतलासी गर्नु पूर्व निरीक्षकले सम्भव भएसम्म त्यसरी निरीक्षण, जाँचबुझ तथा खानतलासी गर्नु पर्नाको कारण सहितको पर्चा वा टिप्पणी खडा गर्नुपर्छ ।

(३) उपदफा (२) बमोजिम पर्चा खडा गरिएको अवस्थामा सम्बन्धित व्यक्तिले सो को नक्कल लिन चाहेमा प्रचलित कानूनको रित पुर्‍याई नक्कल सारी सराई लिन पाउनेछ ।

(४) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने निरीक्षण अधिकृतले आफ्नो कार्यालयले जारी गरेको परिचयपत्र साथमा राख्नु पर्नेछ ।

१४. **निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधि :** (१) दफा १४ बमोजिम निरीक्षकले कुनै ठाउँको निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ :-

(क) सम्बन्धित व्यक्तिलाई सूचना दिएर निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नु पर्दा त्यस्ता सूचना निरीक्षण, जाँचबुझ वा खानतलासी गरिने स्थलमा पुगे पछि मात्र दिन सकिनेछ ।

(ख) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा यथासम्भव सूर्योदय भई सूर्यास्त नभए सम्मको समयमा मात्र गर्नुपर्ने छ तर सार्वजनिक स्थलमा धुम्रपान गरे नगरेको निरीक्षण सूर्यास्त भएपछि पनि गर्न सकिनेछ ।

(ग) निरीक्षण, जाँचबुझ वा खानतलासीको सिलसिलामा कुनै सूर्तिजन्य पदार्थको नमूना लिएकोमा उपलब्ध भएसम्म साक्षी राख्नु पर्नेछ ।

(घ) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा यथासम्भव कुनै किसिमको हानि नोक्सानी नहुने गरी लिनु गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सिलसिलामा निरीक्षकले सूचना दिंदा दिंदै पनि सम्बन्धित व्यक्ति वा अरु कसैले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न बाधा विरोध गरेमा निरीक्षकले स्थानीय भद्रभलाद्मीलाई साक्षी राखी त्यस्तो निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ ।

१५. **<u>सहयोग लिन सक्ने</u>**: (१) निरीक्षकले ऐन र नियमावली बमोजिम गर्नु पर्ने निरीक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि प्रहरी, स्थानीय निकाय, सामाजिक संघसस्था, संचार माध्यम वा अन्य कुनै संघसंस्था वा पदाधिकारीको सहयोग लिन सक्नेछ ।

(२) निरीक्षकले स्थानीय निकायमा क्रियाशील राजनैतिक तथा सामाजिक संघसंस्था, उपभोक्ता समिति, नागरिक समाज, आमा समूह र त्यस्तै प्रकारका अन्य समूहहरुलाई परिचालन गरी सूर्तिजन्य पदार्थको बिरुद्धमा सचेतनामूलक कार्यक्रम संचालन गर्न सम्बन्धित जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयलाई उत्प्रेरित, सहजीकरण र निर्देशन गर्नेछ ।

(३) निरीक्षकले ऐन, नियम र यस निर्देशिकाको प्रभावकारी कार्यान्वयनको लागि आबश्यक पर्ने प्राबिधिक तथा सचिवालय सम्बन्धी सहयोग जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयबाट लिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको कार्यक्रम संचालन गर्नु र उपदफा (३) बमोजिमको सहयोग उपलब्ध गराउनु जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयको कर्तब्य हुनेछ ।

१६. **<u>उपसमिति गठन हुने</u>**: (१) ऐनको दफा १९ बमोजिमको समितिको काम सुचारु रुपले संचालन गर्न नियमावलीको नियम १७ को खण्ड (घ) बमोजिम जिल्ला, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँऊ विकास समितिमा देहाय बमोजिम "सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन उपसमिति" हरु रहन सक्नेछन:-

**(क) जिल्ला**

| | |
|---|---|
| (१) निरीक्षक | अध्यक्ष |
| (२) स्थानीय विकास अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि, जिल्ला विकास समिति | सदस्य |
| (३) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| (४) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, आन्तरिक राजस्व कार्यालय | सदस्य |
| (५) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, | |

जिल्ला शिक्षा कार्यालय सदस्य

(६) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय सदस्य

(७) प्रमुख, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय वा निजले तोकेको प्राबिधिक अधिकृत सदस्य सचिव

**(ख) महानगरपालिका, उपमहानगरपालिकां तथा नगरपालिका**

(१) मेयर वा मेयर पदरिक्त भएमा प्रमुख कार्यकारी अधिकृत अध्यक्ष

(२) प्रमुख, नगर प्रहरी कार्यालय सदस्य

(३) प्रमुख, कृषि विकास र पशु सेवा केन्द्र सदस्य

(४) प्रमुख, प्राथमिक वामाध्यमिक वा उच्च माध्यमिक बिद्यालय/कलेजबाटा मनोनयन हुने एकजना सदस्य

(५) महानगरपालिका वा उपमहानगरपालिका वा नगरपालिकाको जनस्वास्थ्य विभाग प्रमुख सदस्य

(६) प्रमुख, आयुर्वेद चिकित्सालय वा औषधालय सदस्य

(७) प्रमुख, स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र वा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय वा निजले तोकेको प्रतिनिधि सदस्य सचिव

**(ग) गॉऊ विकास समिति**

(१) अध्यक्ष वा अध्यक्षको पदरिक्त भएमा सचिव अध्यक्ष

(२) गाऊँ वा ईलाका प्रहरी कार्यालयको प्रमुख सदस्य

(३) प्रमुख, कृषि विकास र पशु सेवा केन्द्र सदस्य

(४) प्रमुख, प्राथमिक, माध्यमिक/उच्च माध्यमिक बिद्यालय वा कलेजका मनोनयन हुने एकजना सदस्य

(८) प्रमुख, आयुर्वेद चिकित्सालय वा औषधालय सदस्य

(६) प्रमुख,स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र सदस्य सचिव

(३) उपदफा (२) खण्ड (क), (ख) र (ग) बमोजिम उपसमितिका अध्यक्षले सदस्य सचिवको परामर्शमा उपदफा (२) बमोजिम मनोनयन हुने सदस्य मनोनयन गर्नु पर्नेछ र मनोनयन हुने सदस्यको पदावधि २ (दुई) बर्षको हुनेछ ।

(४) भन्सार कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र बाणिज्य कार्यालय भएका स्थानहरुमा ती कार्यालयका प्रमुख वा निजले तोकेका अधिकृत प्रतिनिधिहरु उपदफा (२) को खण्ड (क) बमोजिमको जिल्लास्तरको उपसमितिमा र सशस्त्र प्रहरी कार्यालय भएमा ती कार्यालयका प्रमुख वा निजले तोकेका अधिकृत प्रतिनिधिहरु उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिमको उपसमितिमा सदस्य हुनेछन ।

(५) आन्तरिक राजस्व कार्यालय नभएको जिल्लाहरुमा करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख वा निजले तोकेका अधिकृत प्रतिनिधिहरु उपदफा (२) को खण्ड (ख) बमोजिमको जिल्लास्तरको उपसमितिमा सदस्य हुनेछन ।

(६) उपदफा (२) बमोजिमका उपसमितिका अध्यक्षको परामर्शमा सदस्य सचिवले बैठकमा प्रस्तुत हुने कार्यसूची तयार गरी अध्यक्षको निर्देशनमा सदस्य सचिवले उपसमितिको बैठक बोलाउने छन ।

(७) उपदफा (२) बमोजिमका उपसमितिको बैठक आयोजना र सञ्चालनमा सदस्य सचिवले सहयोग गर्नेछन ।

(८) उपदफा (२) बमोजिमका उपसमितिको निर्णयहरु अध्यक्षले प्रमाणित गरी अध्यक्ष र सदस्य सचिवले कार्यान्वयन गर्ने गराउने छन ।

(९) उपदफा (२) बमोजिमका उपसमितिको बैठक संचालन सम्बन्धी अन्य व्यवस्था उपसमिति आफैले तोके बमोजिम हुनेछ ।

(१०) उपदफा (२) बमोजिम उपसमितिका अध्यक्षले आवश्यक ठानेका अन्य बिशेषज्ञ वा व्यक्तिलाई उपसमितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(११) यस दफा बमोजिम उपसमितिको कार्यलाई प्रभावकारी बनाउन उपसमितिले आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ ।

(१२) उपदफा २ को खण्ड (क) बमोजिमको उपसमितिमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय प्रमुख सदस्य सचिवको रुपमा नरहेको अवस्थामा सो उपसमितिको बैठक संचालनमा निरीक्षकलाई सहयोग र बैठकले गरेको निर्णय कार्यान्वयन गर्नु जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

(१३) नेपाल सरकारले तोक्ने निरिक्षंक जिल्ला प्रशासन कार्यालयको अधिकृत नभएको अवस्थामा जिल्ला स्तरको उपसमितिमा प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत उपसमितिको सदस्य हुनेछ ।

१७. **उपसमितिको काम, कर्तव्य र अधिकारहरुः** (१) दफा १६ बमोजिमको उपसमितिहरुको काम, कर्तव्य र अधिकारहरुदेहाय बमोजिमका हुनेछः-

(क) सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि ऐनको दफा १९ बमोजिमको समिति समक्ष सुझाव पेश गर्ने,

(ख) धुम्रपान तथा सूर्ति सेवनलाई नियन्त्रण गर्न चेतनामुलक कार्यक्रम संचालन गराउने,

(ग) धुम्रपान तथा सूर्ति सेवनकर्तालाई सो लतबाट मुक्त हुने उपायहरु अवलम्बन गर्न प्रेरणा जगाउने,

(घ) सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमनको काम कारबाहीको अनुगमन तथा मुल्याङ्कन कार्यमा सहयोग गर्ने,

(ङ) सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगको रोकथाम, नियन्त्रण र न्यूनीकरणका लागि पहल गने, निरीक्षकलाई सहयोग गर्ने,

(च) सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगको नियन्त्रण एवं सूर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि आवश्यक स्थानीय श्रोत जुटाई परिचालन गराउने,

(छ) कानून कार्यान्वयनमा निरीक्षकलाई आवश्यक सुझाव दिने,

(ज) कृषकलाई सूर्ति खेती प्रतिस्थापन गरी अन्य खेती गर्ने तर्फ प्रोत्साहित गर्ने,

(झ) सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धमा सरोकारवाला निकायसंग समन्वय र परामर्श गर्ने,

(ञ) सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सल प्याकेजिङ्ग र लेवलिङ्गमा चेतावनीमूलक सन्देश तथा चित्र छापिएको वा अंकित भएको छ छैन अनुगमन गर्ने र चेतावनीमूलक सन्देश तथा चित्र नछापिएका वा अंकित नभएका सूर्तिजन्य पदार्थ बिक्री बितरण नगर्न सम्झाउने तथा अटेर गर्ने उपर कानून बमोजिम आवश्यक कारवाही गर्न निरीक्षकलाई अनुरोध र सहयोग गर्ने,

(ट) सार्वजनिक स्थलका व्यवस्थापकहरुलाई ऐन, नियमावली र निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिने,

(ड) सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, नियमावली र निर्देशिकामा भएको व्यवस्था कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने र प्रभावकारी रुपमा कार्यान्वयन गराउने,

(ढ) ऐन, नियमावली र निर्देशिकाहरुमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने र प्रभावकारी रुपमा कार्यान्वयन गराउने सम्बन्धमा ऐनको दफा २६ र नियमावलीको नियम १५ को खण्ड (छ) र (ज) बमोजिम नेपाल प्रहरीलाई संलग्न गर्ने गराउने र निजको सहयोग लिने।

(ण) सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिले तोकेका वा निर्देशन दिएका अन्य कार्यहरु गर्ने गराउने।

१८. **प्रहरीले अनुगमन र निरीक्षणमा सहयोग गर्नु पर्ने:** (१) दफा १६ को उपदफा (२)को खण्ड (क), (ख) र (ग) बमोजिम उपसमितिका अध्यक्षले ऐन तथा नियमावली र निर्देशिकाहरुमा भएको व्यवस्था कार्यान्वयन भए नभएको सम्बन्धमा नियमावलीको नियम १७ को खण्ड (ङ) बमोजिम अनुगमन र निरीक्षण गर्ने तथा प्रभावकारी रुपमा कार्यान्वयन गराउने सम्बन्धमा ऐनको दफा २६ र नियमावलीको नियम १५ को खण्ड (छ) र (ज) बमोजिम प्रहरीलाई संलग्न गराउन र निजको सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला, महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका र गाऊ विकास समिति स्तरमा ऐन तथा नियमावली र निर्देशिकाहरुमा भएको व्यवस्था कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन र निरीक्षण गर्ने तथा प्रभावकारी रुपमा कार्यान्वयन गराउने सम्बन्धमा प्रहरीले सहयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कार्यको अतिरिक्त प्रहरीले ऐनको दफा ३ बमोजिमको सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन भए नभएको अनुगमन गर्ने र कसैले त्यस्तो सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गरेको पाईएमा ऐनको दफा १७ को उपदफा (१) को खण्ड (क) बमोजिम सार्वजनिक स्थलबाट बाहिर निकाल्न वा एक सय रुपियाँ जरिवाना वा दुवै सजायँ गर्न व्यवस्थापकलाई सहयोग गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम प्रहरीबाट भए गरेका कार्यहरुको विवरण सहितको प्रतिवेदन सम्बन्धित सार्वजनिक स्थलको व्यवस्थापक वा उपसमितिका अध्यक्ष वा निरीक्षकलाई त्यस्तो कार्य गरेको ७ (सात) दिन भित्र दिनु पर्नेछ।

१९. **निरीक्षण तथा अनुगमन चेकलिष्ट:** (१) यस निर्देशिका बमोजिम गर्नु पर्ने निरीक्षण तथा अनुगमन कार्यका लागि आवश्यक पर्ने चेकलिष्ट राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रले निर्धारण गरे अनुसार हुनेछ ।

## परिच्छेद ३:
## नीति निर्माण र कार्यान्वयनमा हस्तक्षेपलाई नियन्त्रण गर्ने

२०. **अन्तरक्रिया सीमित र सूचना पारदर्शी हुनुपर्ने:** (१) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको प्रबर्द्धन एवं विज्ञापन र प्रायोजन हुने गरी कुनै पनि संचार माध्यम र तरीकाबाट सूचना, सन्देश, समाचार र जानकारीहरु प्रकाशन, प्रशारण, प्रदर्शन र वितरण तथा अन्तरक्रिया गर्न पाउनेछैन ।

(२) उत्पादक लगायतले सूर्तिजन्य पदार्थमा हुने हानिकारक रासायनिक तत्वहरुको पारदर्शी र यथार्थतामा आधारित सूचना सेवनकर्ताहरुलाई ऐन तथा नियमावली र निर्देशिकामा तोकिए बमोजिम प्रदान गर्नु पर्नेछ ।

(३) उत्पादक लगायत कसैले पनि उत्पादनलाई प्रबर्द्धन वा बिज्ञापन र प्रायोजन गर्ने हेतुले झुठा विवरण वा गलत अर्थ दिने विज्ञप्ति, सूचना, सन्देश, जानकारी, समाचार र अभिव्यक्ति दिन पाउने छैन ।

(४) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थ विक्रिवितरण गर्ने पसल, डिमार्टमेन्ट स्टोर जस्ता स्थानमा सूर्तिजन्य पदार्थ प्रदर्शन गर्न र र्‍याक, बक्स, सोकेश, दराज, पसल, डिमार्टमेन्ट स्टोरको अग्रभागमा उत्पादक लगायतको लोगो, सन्देश, ब्यानर राखेर सजावट गर्न पाउनेछैन ।

(५) उत्पादक लगायतले सूर्ति उद्योगमा काम गर्ने मजदुर र सूर्तिखेती गर्ने किसानलाई सूर्ति उद्योग वा सूर्ति खेतीमा काम गर्दास्वास्थ्यमा पर्ने प्रतिकूल असर र लाग्ने रोग बारे तथ्यगत र पारदर्शी रुपमा जानकारी गराउनु पर्नेछ ।

(६) सार्बजनिक निकायका पदाधिकारीले सूर्तिजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने लगायतका कुनै पनि गतिबिधि वा कार्यक्रममा सूर्ति उद्योगहरुको सहयोग, सहभागिता र सहकार्यलाई स्वीकार गर्नु हुदैन ।

(७) सूर्तिजन्य पदार्थको नियन्त्रण र नियमनको कार्यलाई कमजोर तुल्याउने गरी सूर्ति उद्योगबाट तयार पारिएका आचार संहिता, बैधानिक प्रावधान, नीति वा त्यस्तै किसिमका सामाग्रीको कसैले पनि अबलम्बन गर्नु हुदैन ।

(८) सरकारलाई उत्पादक लगायतबाट कर, दस्तुर र भन्सार स्वरुप बार्षिक रुपमा प्राप्त भएको रकम अर्थ मन्त्रालयले पारदर्शी रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(९) उत्पादक लगायतले सूर्तिजन्य पदार्थको उत्पादन, बजारीकरण, व्यापार र ब्रान्डहरु बारेको सूचनामा सरकारी र आम नागरिकको पहूँचलाई शुलभ बनाउनु पर्नेछ ।

२१. <u>साझेदारिता र सहभागिता गराउन नपाईने:</u> (१) सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमन लगायत नीति निर्धारण र कार्यान्वयन गर्ने कार्यमा सार्वजनिक निकायका पदाधिकारीले उत्पादक लगायतको सहभागिता गराउन पाईनेछैन ।

(२) उत्पादक लगायतलाई राजस्व परामर्श समिति र यस्तै अन्य नीति निर्माण गर्ने निकाय, समिति र अन्या बैठक तथा कार्यक्रमहरुमा सहभागी गराउन पाईनेछैन ।

(३) कसैले पनि सूर्तिजन्य पदार्थका उत्पादक लगायतको साझेदारीमा सूर्तिजन्य पदार्थ नियन्त्रण कार्यक्रम संचालन गर्न पाईने छैन ।

२२. <u>संस्थागत सामाजिक उत्तरदायित्वनाममा काम गर्न नपाईने:</u> (१) सरकारी वा गैह्रसरकारी वा नीजि क्षेत्रबाट संचालित शिक्षण संस्था, मदरसा, नाट्यशाला, धार्मिक प्रवचन, सत्संग, स्वास्थ्य संस्था आदिलाई आर्थिक, प्राबिधिक, भौतिक, संरचनागत तथा अन्य कुनै पनि प्रकारको सहयोग उत्पादक लगायतले प्रदान गर्न पाउनेछैन ।

(२) कसैले पनि उत्पादक लगायतले प्रदान गर्ने आर्थिक, भौतिक र संरचनागत सहयोग ग्रहण गर्न पाउनेछैन र उत्पादक लगायतले पनि यस्तो सहयोग गर्न पाउने छैन।

(३) सूर्ति उद्योगबाट उपलब्ध गराईएको छात्रवृत्ति, आर्थिक सहायता, पुरस्कार, प्रोत्साहन भत्ता कसैले पनि ग्रहण गर्न पाउने छैन र उत्पादक लगायतले यस्तो सहयोग गर्न पाउने छैन ।

(४) सूर्ति उद्योगबाट निःशुल्क प्रदान गरिने उत्पादनलाई कसैले पनि ग्रहण गर्न पाउनेछैन र उत्पादक लगायतले यस्तो निःशुल्क सहयोग गर्न पाउने छैन।

(५) सूर्ति उद्योगहरुले उत्पादन, निर्यात, विक्रिवितरण आदि प्रबर्द्धन, बिज्ञापन, प्रायोजन गर्ने उद्देश्यबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा चन्दा, पुरस्कार, आर्थिक, सहायता, सामाजिक सेवा आदिको नाममा वार्षिक बजेट विनियोजन गर्न पाउनेछैन ।

(६) सार्वजनिक निकायका पदाधिकारीहरुले सूर्ति उद्योगबाट प्रदान गरिने कुनैपनि प्रकारका सहयोग र पुरस्कार प्राप्त गर्न, सूर्ति उद्योगबाट प्रायोजित कार्यक्रममा सहभागिता, सूर्ति उद्योगको सहयोगमा वा सूर्ति उद्योगको आमन्त्रणमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय बैठक, भ्रमण, तालीम, गोष्ठी, सम्मेलन जस्ता कार्यक्रमहरुमा सहभागीता स्वीकार गर्नु हुदैन ।

(७) संस्थागत सामाजिक उत्तरदावित्व वहन गर्ने नाममा सूर्ति उद्योगहरुले प्रदान गर्ने कुनैपनि किसिमका शैक्षिक उत्थान, जातिय तथा वर्गिय उत्थान, आपतकालिन सेवामा सहयोग र सहकार्यको कसैले पनि स्वीकार गर्नु हुदैन र उत्पादक लगायतले यस्तो सहयोग गर्न पाउने छैन ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सूर्तिजन्य पदार्थ उत्पादन, विक्रिवितरण र उपभोगमा संग्लन व्यक्ति, मजदुर र किसानलाई सूर्तिजन्य पदार्थको उपभोग, विक्रिवितरण र उत्पादन प्रक्रियामा सहभागी भएको कारणबाट उत्पन्न रोग र स्वास्थ्य समस्याको जांच, निदान, औषधी, उपचार, बिमा लगायतका सम्पूर्ण खर्च उत्पादकले अनिवार्य रुपमा बेहर्नु पर्ने छ र यी कार्यमा उत्पादक लगायतले उपलब्ध गराउने आर्थिक, जिन्सी वा भौतिक सहायता लिन वा दिनमा कुनै बाधा पर्नेछैन ।

२३. **सूतिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने कार्यमा उत्पादक लगायतलाई सहभागी नगराउने:** (१) कसैले पनि उत्पादक लगायतलाई सूर्तिजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने नीति निर्माणको कार्य, संयन्त्र, समिति, कार्यदल, बैठक एवं त्यस्ता नीति कार्यान्वयन कार्यमा सहभागिता गराउनु हुदैन ।

(२) सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी जारी भएका नीति विरुद्ध गतिविधि संचालन गर्ने सूर्ति उद्योगहरुलाई सार्वजनिक निकायबाट प्रदान गरिने कुनैपनि सहुलियत वा सहयोग प्रदान गर्नु हुदैन ।

(३) सूर्ति उद्योगहरुको वैधानिक व्यवस्थापन, कार्यान्वयन, अनुगमन, मूल्यांकन र राजस्व असूली जस्ता कार्यमा वाहेक अन्य कार्यमा सार्वजनिक निकायका पदाधिकारीले सहकार्य, समन्वय र सहयोग गर्नु हुदैन ।

२४. **सार्वजनिक निकायका पदाधिकारीहरुको आचरण:** (१) सार्वजनिक निकायका पदाधिकारीहरुले सूर्ति उद्योगको कुनै पनि क्रियाकलापमा सहभागिता जनाउनु हुदैन ।

(२) सार्वजनिक निकायका पदाधिकारीले सूर्तिजन्य पदार्थ वा सो सेवन गरेको दृष्यलाई कुनै पनि संचार माध्यम वा तरीकाबाट प्रकाशन, प्रशारण र प्रदर्शन गर्नु गराउनु हुदैन ।

(३) सार्वजनिक निकायका पदाधिकारीले सूर्ति उद्योगसंग सम्बन्धित व्यक्तिहरुसंग सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी बिषयहरुमा अन्तरक्रिया वा बैठक वा संचार

गर्दा पादरशी तवरबाट दुई भन्दा बढी व्यक्ति वा संचार माध्यमका प्रतिनिधिहरुको सहभागितामा मात्र गर्नु पर्नेछ ।

(४) सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी कुनै कार्यमा सूर्ति उद्योगले अनावश्यक बाधा व्यवबधान सृजना गरी हस्तक्षेप गरेको भएमा सार्वजनिक निकायका पदाधिकारीले त्यस्तो हस्तक्षेपलाई यथाशीघ्र संचार माध्यम र अन्य बिभिन्न उपायहरु अबलम्बन गरी बिरोध जनाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बिरोध जनाउँदा समेत पटक पटक त्यस्ता गतिबिधि गरेमा निज उपर आवश्यक कारवाही गर्न निरीक्षक समक्ष लेखी पठाउनु पर्नेछ ।

२५. <u>सरकारी स्वामित्वका सूर्ति उद्योग र यसप्रतिको व्यवहार अन्य सूर्ति उद्योग सरह हुने</u>: (१) नेपाल सरकारको स्वामित्वमा सूर्ति उद्योग स्थापना र संचालन गर्ने कार्यलाई प्राथमिकता दिईने छैन ।

(२) बिद्यमान सरकारी स्वामित्वको सूर्ति उद्योगलाई नेपाल सरकारले क्रमशः बिस्थापित गर्ने नीति अबलम्बन गर्नेछ ।

(३) सूर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धी नीति निमार्ण र कार्यान्वयन गर्दा नेपाल सरकारका कुनै कार्यालयले सरकारी स्वामित्वका सूर्ति उद्योगहरुलाई पनि अन्य उद्योग सरह नै व्यवहार गरिनेछ ।

(४) सार्वजनिक निकायका पदाधिकारीले सरकारी स्वामित्वका सूर्ति उद्योगका प्रतिनिधिहरुलाई सूर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धी नीति निर्माण र कार्यन्वयन गर्ने कार्यमा सहभागी गराउन पाउने छैन ।

(५) नेपाल सरकारले सूर्तिजन्य पदार्थका उद्योगहरुको व्यवस्थापन गर्ने निकाय र सूर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धी नीति कार्यान्वयन गर्ने निकाय अलग अलग हुने कुराको निश्चितता गर्नेछ ।

(६) सरकारी स्वामित्वका सूर्ति उद्योगलाई प्रोत्साहन गर्ने गरी नेपाल सरकारबाट कुनै पनि प्रकारको सरकारी सहुलियत वा सुबिधा प्रदान गरिनेछैन ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो निर्देशिका लागू हुदाका बखत नेपाल सरकारको स्वामित्वमा सञ्चालनमा रहेका सूर्ति उद्योगमा कार्यरत मजदूरहरुको पारिश्रमिक र कल्याणकारी कार्यको खर्च सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

२६. <u>बिक्री स्थलमा प्रदर्शन गर्न र बिक्री गर्ने मेसिन राख्न नपाउने</u>: (१) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको बिक्रीको स्थलमा सूर्तिजन्य पदार्थको प्रदर्शन र सजावट गर्न पाऊने छैन ।

(२) सूर्तिजन्य पदार्थ बिक्री गर्नको लागि उत्पादक लगायत कसैले पनि मेसिन राख्न पाऊने छैन ।

२७. <u>सामाजिक संचारका माध्यमबाट बिक्री गर्न नपाउने</u>: ईन्टरनेट, वेवसाईट, फेसबुक, टुईटर जस्ता बिद्युत्तिय र सामाजिक संचारका माध्यमबाट सूर्तिजन्य पदार्थको बिकिवितरण गर्न पाईने छैन ।

२८. **चुरोट, बिँडि, सिगारको खिल्ली फुटकर वा खुद्रा विक्री गर्न र इलेक्ट्रोनिक सिगरेटको उपभोग गर्न नपाउने:** (१) उत्पादक लगायत कसैले पनि चुरोट, बिँडि, सिगार र इलेक्ट्रोनिक सिगरेट जस्ता सूर्तिजन्य पदार्थको खिल्ली फुटकर वा खुद्रा रुपमा बिक्रि वितरण गर्न पाउने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सिल तोडिएको चुरोट, बिँडि, सिगार र इलेक्ट्रोनिक सिगरेट जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्स बिक्रि वितरण गर्न पाउने छैन।

(३) कसैलेपनि इलेक्ट्रोनिक सिगरेटको उत्पादन, आयात, विक्रिवितरण, सार्वजनिक स्थल र सार्वजनिक यातायातमा उपभोग र संचारमाध्यमबाट प्रबर्द्धन तथा बिज्ञापन गर्न पाउने छैन ।

(४) कसैलेपनि करमुक्त पसलबाट चुरोट, बिँडि, सिगार, हुक्का, सिसा, ककड, चिलम, सूल्पा, खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थ बिक्रिवितरण गर्न पाउने छैन ।

२९. **चेतावनीमूलक सन्देश र चित्र छोपिने, बिग्रने र च्यातिने गरी लेबुल ट्रेडमार्क अंकित र वट्टा, प्याकेट, ऱ्यापर्स प्याकेजिङ्ग गर्नु नपाईने:** (१) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको वट्टा, प्याकेट, ऱ्यापर्स, कार्टुन र पार्सल प्याकेजिङ्गमा स्टीकर टाँस्दा र प्याकेजिङ्ग गर्दा चेतावनीमूलक सन्देश र चित्र छोपिने, बिग्रने र च्यातिने गरी टाँस्ने र प्याकेजिङ्ग गर्न पाउने छैन ।

(२) उत्पादक लगायतले सूर्तिजन्य पदार्थको वट्टा, प्याकेट र ऱ्यापर्स बनाउदा भित्री र बाहिरी दुईवटा वट्टा, प्याकेट र ऱ्यापर्स बनाई सूर्तिजन्य पदार्थ प्याकेजिङ्ग गर्न पाउने छैन ।

३०. **सरकारी सहुलियत वा सुबिधा प्राप्त नहुने:** नेपाल सरकार अंन्य उद्योगहरुलाई उपलब्ध गराएको कुनै सहुलियत वा सुबिधा सूर्ति उद्योगलाई उपलब्ध गराउन बाध्य हुनेछैन ।

३१. **समन्वयात्मक कार्य:** (१) सूर्ति उद्योगबाट हुने हस्तक्षेप नियन्त्रण गर्नका लागि समन्वयात्मक कार्य ऐनको दफा १९ बमोजिमको सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिले गर्नेछ ।

(२) यस दफा बमोजिम गर्नु पर्ने समन्वयात्मक कार्यमा ऐनको दफा १९ बमोजिमको सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिलाई सोही समिति अन्तरगत बिभिन्न तहमा गठित उपसमिति र प्राविधिक समितिहरुले सहयोग प्रदान गर्नु पर्नेछ।

३२. **समितिको काम, कर्तब्य र अधिकार:** (१) समितिले यस निर्देशिका बमोजिम सम्पन्न गर्नु पर्ने कार्यहरु देहाय बमोजिम हुनेछन:-

(क) मातहतका निकायका पदाधिकारीहरुलाई सूर्ति उद्योग हस्तक्षेप नियन्त्रण नीति प्रभावकारी रुपमा कार्यान्वय गर्न निर्देशन दिने ।

(ख) सूर्ति उद्योगले ऐन, नियमावली तथा निर्देशिका कार्यान्वयनमा पु-याउने अवरोधप्रति सार्वजनिक निकायका पदाधिकारीहरु सजग र सचेत रहन उत्प्रेरणा जगाउने ।

(ग) सूर्ति उद्योगहरुको उत्पादनमा अनुकूल प्रभाव पर्ने कुनै पनि नीति कार्यान्वयन नगर्न सार्वजनिक निकायका पदाधिकारीहरुलाई जानकारी गराउने ।

(घ) सार्वजनिक निकायका पदाधिकारीहरुले कुनै पनि नीति निर्माण र कार्यान्वयनमा सूर्ति उद्योगहरुलाई सहभागी गराउन नहुने कुरा सुनिश्चित गर्ने ।

(घ) उपसमिति र प्राविधिक समितिलाई सूर्ति उद्योग हस्तक्षेप नियन्त्रणका लागि निर्देशन र सुझाव दिने ।

(ङ) सूर्ति उद्योग हस्तक्षेप नियन्त्रण र नियमन नीति निमार्ण र कार्यान्वयन प्रभावकारी रुपमा गर्ने गराउने ।

## परिच्छेद ४:
## जनचेतना अभिबृद्धि तथा सार्वजनिक स्थललाई धुम्रपान र सूर्ति सेवन रहीत बनाउने

३३. **सूर्तिजन्य पदार्थको लत र हानी बारे चेतना जागरण गर्नु पर्ने:** (१) ऐनको दफा ४ बमोजिम कसैलेपनि चुरोट, बिँडि, सिगार, ईलेक्ट्रोनिक सिगरेट, खैनी, सूर्ति, गुट्खा, हुक्का, सिसा, ककड, चिलम, सूल्पा जस्ता धुम्रपान तथा सूर्ति सेवन सार्वजनिक स्थल, कार्यस्थल र सार्वजनिक यातायात लगायतमा गर्न नपाउने कुराहरुको सम्बन्धमा देहाय बमोजिम व्यापक जनचेतना जगाउनु पर्नेछः-

(क) व्यवस्थापकले सार्वजनिक निकायका पदाधिकारी लगायत आम नागरिकलाई सूर्तिजन्य पदार्थको नकारात्मक असर, खराब लत, हानी, रोग र मृत्युको बारेमा सूचित गर्न चेतनामूलक कार्यक्रम संचालन गर्नु गराउनु पर्ने,

(ख) उपदफा (१) मा उल्लेख भए बमोजिमका कार्यक्रमहरु सरकारी, गैह्रसरकारी वा नीजि क्षेत्र समेतको सहयोग र सहकार्यमा संचालन गर्न र यस्ता कार्यक्रमहरुमा सहभागी हुन आम नागरिकलाई अभिप्रेरित गर्नु गराउनु पर्ने,

(ग) उत्पादक लगायतले सूर्तिजन्य पदार्थ प्रबर्द्धन एवं बिज्ञापन र प्रायोजन गर्ने कार्यनीति वा रणनीत अबलम्बन गरेको थाहा पाउने व्यवस्थापक, सार्वजनिक निकायका पदाधिकारी, महिला स्वास्थ्य स्वयं सेविका र आम नागरिकले निरीक्षक वा स्थानीय निकायमा सूचना दिनु पर्ने,

(घ) उपदफा (३) बमोजिमको सूचना प्राप्त हुनासाथ स्थानीय निकायले सोको जानकारी निरीक्षकलाई दिनु पर्ने,

(ङ) सार्वजनिक र नीजि बिद्युत्तीय संचार माध्यमहरुलेसूर्तिजन्य पदार्थ तथा नसर्ने रोग नियन्त्रण सम्बन्धी चेतावनीमूलक सूचना तथा सन्देशहरु निःशुल्क रुपमा प्रशारण गर्नु प्रोत्साहित गर्नु पर्ने,

(च) जनस्वास्थ्य कार्यक्रमहरुमा धुम्रपान तथा सूर्तिसेवन त्याग गर्न प्रबर्द्धन गर्ने कार्य प्राथमिक स्वास्थ्य सेवामा एकीकृत रुपमा समावेश गरी प्रभावकारी रुपमा संचालन गर्ने र सबै सेवाग्राहीलाई धुम्रपान तथा सूर्तिसेवन वारे सोध्ने, त्याग गर्न सुझाव दिने र त्याग गर्न सहयोग पुग्ने किसिमको वातावरण सृजन ागर्न उपयुक्त व्यवस्था मिलाउनु पर्ने ।

३४. **धुम्रपान तथा सूर्ति सेवन नियन्त्रणका लागि क्षमता अभिबृद्धि र पर्याप्त श्रोत व्यवस्था गर्ने :** (१) धुम्रपान तथा सूर्ति सेवन नियन्त्रणका लागि सम्बन्धित निकाय मार्फत स्वास्थ्यकर्मी तथा अन्य सरोकारवालाहरुलाई तालीम र क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

(२) धुम्रपान तथा सूर्ति सेवन नियन्त्रणका लागि आवश्यक पर्ने पर्याप्त श्रोतको व्यवस्था गरिनेछ ।

३५. **धुम्रपान तथा सूर्ति सेवन रहित वातावरण सृजना गर्ने :** (१) धुम्रपान तथा सूर्ति सेवन गर्नेहरुको विद्यमान संख्या, ज्ञान, वानी, व्यवहार आदि बारेको तथ्यगत सूचना व्यवस्थापकले आवधिक रुपमा संकलन तथा प्रचार प्रसार गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलित सूचनाको आधारमा धुम्रपान तथा सूर्ति सेवन रहित वातावरण सृजनाको लागि देहाय बमोजिम प्रभावकारी संयन्त्र र तरीकाहरु निर्माण गर्नुपर्नेछ:-

(क) स्थानीय निकायहरुले बैठक संचालन गरी धुम्रपान तथा सूर्ति सेवन रहीत वातावरण सृजनाको प्रतिबद्धता व्यक्त गर्ने,

(ख) खण्ड (क) बमोजिमको बैठकमा ऐन, नियमावली र निर्देशिकाहरु, धुम्रपान तथा सूर्ति सेवन रहित वातावरणले क्यान्सर, मुटुरोग लाग्नबाट बच्न सकिने, औषधोपचार खर्च कम हुने, मानिसको उत्पादकत्व क्षमता बढ्ने जस्ता फाइदा बारेका कृयाकलाप सञ्चालन गर्ने,

(ग) स्थानीय निकाय र सार्वजनिक निकायहरुले धुम्रपान तथा सूर्ति सेवन रहित वातावरण सृजना गर्ने कानूनलाई स्थानीय स्तरमा संचालन हुने अन्य कार्यक्रमहरुसंग प्रभावकारी रुपमा लागू गर्ने ।

३६. **सन्देश वा सूचना प्रचार प्रसार:** (१) स्थानीय निकायले स्थानीय सञ्चार माध्यमबाट ऐन, नियमावली र निर्देशिकाहरु बारेमा सर्वसाधारण नागरिक समक्ष प्रचार प्रसार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रचार प्रसार गर्नका लागि स्थानीय स्तरमा "सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन उपसमिति" बैठक आयोजन गरी सन्देश वा सूचना प्रचार प्रसारको बिषयमा छलफल र निर्णय गरी देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) सञ्चारका माध्यमका प्रतिनिधि तथा राजनीतिकर्मी समेतको संलगनतामा स्थानीय स्तरमा अन्तरक्रिया कार्यक्रम आयोजन गर्ने,

(ख) खण्ड (क) बमोजिम संचालन भएको कार्यक्रमको प्रेस विज्ञप्ती तयार गरी प्रचार प्रसारका लागि टेलिभिजन, एफ एम रेडियो, पत्रपत्रिका र समाचार सम्बाददाताहरुलाई वितरण गर्ने,

(ग) धुम्रपान बिरुद्धका शैक्षिक सामाग्रीहरु वितरण गर्ने,

(घ) धुम्रपान रहित वातावण कायम गर्ने सम्बन्धमा समुदायस्तरीय समूहहरु जस्तै स्वास्थ्य आमा समूह, कर्जा समूह आदिमा छलफल र प्रचार प्रसार गर्ने,

(ङ) धुम्रपान बिरुद्ध संचालन गरिएका कार्यक्रम र यस सम्बन्धी प्रतिवेदन, सन्देश वा सूचना सामाजिक सञ्जाल वेवसाईट, फेसबुक आदि मार्फत प्रचार प्रसार गर्ने,

(च) बिद्यार्थी र शिक्षकलाई अभिमुखीकरण गरी घरायसी स्तरमा सन्देश वा सूचना प्रचार प्रसार गर्ने ।

३७. **सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नपाईने कानूनको कार्यान्वयन:** (१) सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नपाइने कानूनको सबैले पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

(२) सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नपाइने कानूनको सबैले पूर्ण रुपमा पालना गरे नगरेको सम्बन्धमा सबै सरोकारवालाहरु सूचित हुनु पर्नेछ ।

(३) सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नपाइने कानूनको सबैले पूर्ण रुपमा पालना गरे नगरेको अनुगमन गर्न "सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन उपसमिति" ले स्थानीय स्वास्थ्य कार्यालय, शिक्षण संस्था, धार्मिक संगठनहरु, होटल, रेष्टुरेन्ट, खेलकुद संगठनहरु, यातायात संगठनहरु, अन्य सरकारी निकाय र सुरक्षा निकायलाई समेत समावेश गरी अनुगमन कार्यदल वा संयन्त्र गठन गर्न सक्नेछ ।

(४) निरीक्षक र जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले उपदफा (३) बमोजिमको कार्यदल वा संयन्त्रलाई कानून कार्यान्वयन, अनुगमन तथा निरीक्षण सम्बन्धमा संचालन हुने अभिमुखीकरण कार्यक्रममा सहभागी गराउने पर्नेछ ।

(५) सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नपाइने कुराको संकेत चिन्ह र चित्रहरु अंकित पोष्टर, साईनेज आदि वितरण गर्ने, टांस्न लगाउने र यस्ता पोष्टर, साईनेजको नमूना वेवसाइटमा समेत उपलव्ध हुने व्यवस्था मिलाउनु पर्नेछ ।

३८. **सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नपाईने कानून कार्यान्वयनको अनुगमनः** (१) सार्वजनिक स्थलका व्यवस्थापकले धुम्रपान तथा सूर्ति सेवन गर्न नपाईने कानून कार्यान्वयनलाई प्रभावकारी बनाउन आन्तरीक अनुगमन गर्ने, भवन भित्रका कर्मचारी तथा कामदारलाई लिखित वा मौखिक सूचना दिने गर्नु पर्नेछ ।

(२) निरीक्षक र व्यवस्थापकले सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नपाइने कानून कार्यान्वयन भए नभएको बारेमा नियमित निरीक्षण र अनुमगन गर्नु पर्नेछ ।

(३) सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नपाइने कानून उल्लंघन भएको पाईएमा अख्तियार प्राप्त अधिकारीले कानून बमोजिम दण्ड सजाय र जरिवाना गर्नु पर्नेछ ।

३९. **राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रले प्रगति अवस्थाको अनुगमन तथा मूल्यांकन गर्नु पर्नेः** (१) सूर्तिजन्य पदार्थ नियमन सम्बन्धी व्यवस्थापकले कानूनको कार्यान्वयन भए पछिको रोग रोकथाम, आर्थिक तथा सामाजिक क्षेत्रमा परेको असर आदिको अवस्था आबधिक रुपमा अध्ययन, अनुसन्धान र सर्भे गरी अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।

(२) धुम्रपान तथा सूर्ति सेवन रहित वातावरण सृजना गर्ने व्यवस्था लागू भएपछि सार्वजनिक स्थलमा वायूको गुणस्तरमा पारेको प्रभावको अनुगमन समेत गर्नु पर्नेछ ।

## परिच्छेद ५:
## बिज्ञापन वा प्रवर्द्धन र प्रायोजन नियन्त्रण प्रभावकारी बनाउने

४०. **सूर्तिजन्य पदार्थको प्रबर्द्धन वा विज्ञापन र प्रायोजन गर्न नपाईनेः** (१) उत्पादक लगायत कसैले पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समाचारपत्र, पत्रिका, म्यागेजिन, पुस्तिका, क्यालेन्डर, पोष्टर, पाम्पलेट, पर्चा, फ्लाएर, वालचार्ट, प्रतिवेदन, टेलिभिजन तथा रेडियो (स्थलरुप र भू-उपग्रह समेत), एफ. एम, इन्टरनेट, इमेल, अनलाईन, डिभिडि, भिडियो, सिडि, कम्प्युटर, खेल, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, बिलबोर्ड, भित्तेलेखन, लोगो, संकेत, लेख, दृष्य, आवाज, चिन्ह, ब्यक्ति वा अन्य कुनै पनि संचार माध्यम वा तरीकाबाट सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाऊने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको प्रबर्द्धन वा विज्ञापन र प्रायोजन हुने गरी कुनै कार्यक्रम, समारोह, कृयाकलाप वा गतिबिधि संचालन पाऊनेछैन ।

(३) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको प्रबर्द्धन वा विज्ञापन र प्रायोजन हुने गरी कुनै पनि किसिमको आर्थिक, प्राबिधिक, भौतिक र संरचनागत योगदान वा सहयोग कसैलाई उपलब्ध गराउन पाऊने छैन ।

(४) उत्पादक लगायत कसैले पनि कुनै पनि संचार माध्यम र अन्य तरीकाबाट सूर्तिजन्य पदार्थको प्रबर्द्धन वा विज्ञापन र प्रायोजन गर्न पाऊने छैन ।

(५) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको मूल्य सहित उत्पादनको पाठ्यसूची प्रकाशन तथा प्रशारण गर्न पाऊने छैन ।

(६) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको प्रबर्द्धन वा विज्ञापन र प्रायोजन हुने गरी मेल, टेलिमार्केटिङ्ग, उपभोक्ता सर्भेक्षण र अनुसन्धान गर्न पाऊने छैन ।

(७) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको प्रबर्द्धन वा विज्ञापन र प्रायोजन हुने गरी शैक्षिक संस्था, मेला, समारोह, आतिथ्यस्थल, खेलकुद स्थल, सांस्कृतिक तथा सांगितिक कार्यक्रम, नृत्य र अन्य मनोरन्जनमूलक कार्यक्रम गर्ने स्थल, तथा अन्य सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थको बिक्री, आपूर्ति र प्रदर्शन गर्न पाऊने छैन ।

(८) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको प्रबर्द्धन वा बिज्ञापन हुने गरी सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको लेबुल र प्याकेजिङ्ग गर्न पाऊने छैन ।

(९) उत्पादक लगायत कसैले पनि चुरोटको खिल्ली वा अन्य सुर्तिजन्य पदार्थको उत्पादनमा कुनै पनि प्रकारको प्रबर्द्धनात्मक सन्देश छाप्न वा विज्ञापन गर्न पाऊने छैन ।

(१०) कसैलेपनि कुनैपनि संचार माध्यमबाट चुरोट, बिँडि, सिगार, ईलेक्ट्रोनिक सिगरेट, खैनी, सूर्ति, गुट्खा, हुक्का, सिसा, ककड, चिलम, सूल्पा जस्ता सूर्तिजन्य पदार्थको प्रबर्द्धन वा बिज्ञापन लगायत गर्न पाउने छैन ।

४१. **विक्री स्थलमा प्रदर्शन गर्न नपाईने:** (१) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको बिक्री स्थलमा सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन र प्रायोजन हुने गरी प्रदर्शन र सजावट गर्न पाऊने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको बिक्री वितरण गर्ने मेसिन राखी सो मेसिन मार्फत सूर्तिजन्य पदार्थको विज्ञापन, प्रबर्द्धन र प्रायोजन हुने गरी प्रदर्शन गर्न पाऊने छैन ।

४२. **विज्ञापन वा प्रबर्द्धन र प्रायोजन हुने गरी वट्टा, प्याकेट वा र्‍यापर्स तथा प्याकेजिङ्गमा लेबुल र ट्रेडमार्क प्रयोग गर्न नपाईने :** (१) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन र प्रायोजन हुने गरी लेबुल र ट्रेडमार्क प्रयोग गर्न पाऊने छैन।

(२) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको प्याकेजिङ्ग गर्दा वट्टा, प्याकेट र र्‍यापर्स भित्र तथा बाहिर, विँडि र चुरोटको खिल्लीमा तथा सूर्तिजन्य पदार्थको अन्य उत्पादनमा र सूर्तिजन्य पदार्थ बाहेकको उत्पादनहरुमा सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन र प्रायोजन हुने गरी लोगो, चिन्ह, शब्द, रंग, तस्वीर, चित्र, चिन्ह, संकेत र छपाई सामग्री प्रयोग गर्न पाऊने छैन ।

४३. **ईन्टरनेटबाट विज्ञापन वा प्रबर्द्धन र प्रायोजन गर्न नपाईने:** (१) उत्पादक लगायत कसैले पनि ईन्टरनेट, वेवसाईट, फेसबुक, टुईटर, भाईवर, स्काईप जस्ता सामाजिक संचारका

माध्यमको प्रयोग गरी सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन र प्रायोजन हुने कुरा र सूर्तिजन्य पदार्थको कुनै पनि तस्वीर वा चित्र, मूल्य सूची आदि राख्न पाउने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको मूल्य सहित उत्पादनको पाठ्यसूची ईन्टरनेटमा राख्न पाऊने छैन ।

(३) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन र प्रायोजन हुने गरी टेलिभिजन कार्यक्रम, टेलिफिल्म, चलचित्र, तथा खेलहरुका दृष्य र श्रब्य सामग्री ईन्टरनेटमा राख्न पाऊने छैन ।

(४) उत्पादक लगायत कसैले ईन्टरनेटमा सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन र प्रायोजन हुने गरी कुनै श्रब्यदृष्य, श्रब्य र दृष्य सामग्री राखेको पाईएमा सोसियल नेटवर्किङ्ग इन्टरनेट साइट, इन्टरनेट सेवा प्रदायक र इन्टरनेट सर्च इन्जिन संचालकहरुले त्यस्ता श्रब्यदृष्य, श्रब्य र दृष्य सामग्रीमा आम नागरिकको पहूँच हटाउनु र निष्कृय बनाउनु पर्नेछ।

४४. <u>मोबाईलबाट विज्ञापन वा प्रबर्द्धन र प्रायोजन गर्न नपाईने:</u> उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन हुने गरी मोबाईलबाट कुरा गर्न, सन्देश पठाउन र सूर्तिजन्य पदार्थको कुनै पनि तस्वीर, लोगो, संकेत, दृष्य, आवाज, चिन्ह पठाउन पाऊने छैन।

४५. <u>ब्राण्ड विस्तार तथा ब्राण्ड हिस्सेदारी निषेध:</u> (१) उत्पादक लगायत कसैले पनि कुनै गैरसूर्तिजन्य उत्पादन वा सेवाको ब्राण्ड, नाम, चिन्ह, व्यापारिक चिन्ह, लोगो वा रंगहरुको संयोजन समेतलाई कुनै सूर्तिजन्य उत्पादनसंग आवद्ध गरी सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन र प्रायोजन हुने गरी ब्राण्ड विस्तार तथा हिस्सेदारी गर्न पाऊने छैन ।

(२) उत्पादक लगायत कसैले पनि मनोरन्जन स्थल, खुद्रा बिक्री कक्ष र सवारी साधन वा उपकरणमा समेत व्राण्ड मार्किङ्ग (ब्राण्डको रंग वा रंगको योजना, लोगो वा ट्रेडमार्कको प्रयोग) गर्न पाऊने छैन ।

(३) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको व्राण्ड नामसंग सम्बन्धित प्रतियोगिता र प्रतिस्पर्धाहरु संचालन गर्न पाऊने छैन ।

४६. <u>संचार माध्यममा सूर्तिजन्य पदार्थ र सो सेवनको प्रदर्शन गर्न वा देखाउन नहुने:</u> (१) संचार माध्यम लगायत कसैले पनि सूर्तिजन्य पदार्थको विज्ञापन, प्रबर्द्धन र प्रायोजन हुनेगरी कुनै पनि मनोरञ्जनात्मक, शैक्षिक, धार्मिक, सांस्कृतिक, समाचारमूलक लगायतका कार्यक्रम, फिल्म, समाचार, बृत्तचित्रहरु निर्माण, प्रशारण र प्रकाशन गर्न गराउन पाऊने छैन ।

(२) उपदफा (१) बमोजिम सूर्तिजन्य पदार्थ प्रदर्शन गर्न, धुम्रपान तथा सूर्ति सेवन गरेको दृष्य, लोगो, चिन्ह देखाउन तथा संकेत गर्न, सूर्तिजन्य पदार्थको उद्योग वा कम्पनीको लोगो, व्राण्ड वा व्राण्ड इमेजको प्रदर्शन गर्न पाऊने छैन ।

४७. <u>सीमा वारी विज्ञापन वा प्रबर्द्धन र प्रायोजन गर्न नपाईने:</u> स्वदेशी तथा विदेशी उत्पादक लगायत कसैले पनि नेपालको सीमा वार ईन्टरनेट, केवल नेटवर्क, टेलिभिजन, रेडियो, पत्रपत्रिका लगायत कुनै पनि संचार माध्यम वा तरीकाबाट सूर्तिजन्य पदार्थको विज्ञापन, प्रबर्द्धन र प्रायोजन गर्न पाऊने छैन ।

४८. <u>उपहार वा नि:शुल्क बस्तु र नगद दिन वा लिन बन्देज:</u> (१) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन र प्रायोजन हुने गरी सूर्तिजन्य पदार्थको खरिदसंगै

किरिंग, टीसर्ट, वेसवल टोप, चुरोट वा यस्तै प्रकारका अन्य बस्तु वा लाइटर उपहार स्वरुप दिनु वा लिनु पाऊने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थको नि:शुल्क नमूना वितरण, बजार सर्भेक्षण र स्वाद परीक्षण समेत गर्न पाऊने छैन ।

(३) उत्पादक लगायत कसैले पनि पुरस्कार प्रबर्द्धन वा सूर्तिजन्य पदार्थको खरिदसंग दिईएका फिर्ता गर्न सकिने कुपनहरु वितरण गर्ने रोयल्टि योजना लागू गर्न गराउन पाऊने छैन।

(४) सूर्तिजन्य पदार्थ जस्तै देखिने बस्तु बिक्री र आपूर्ति गर्न र बिक्रेतालाई प्रोत्साहन र नगद पुरस्कार दिन पाऊने छैन ।

(५) उत्पादक लगायत कसैले पनि सूर्तिजन्य पदार्थ राख्ने खाली बट्टा, दराज, र्‍याक जस्ता सामग्री वितरण गर्न पाउने छैन र बिक्रेताले यस्ता सामग्रीहरु स्वीकार गर्नु हुदैन ।

४९. **बिबिधः** यस निर्देशिका विपरित कसैले कुनै कार्य गरेमा ऐन तथा अन्य प्रचलित कानून बमोजिम निरीक्षकले आवश्यक कारवाही गर्नु पर्नेछ ।

५०. **संशोधनः** (१) मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका उपर संशोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको संशोधन मन्त्रालयले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

## अनुसूची -१

(दफा ११ को उपदफा १ संग सम्बन्धित उजुरीको ढाँचा)
................................मा पेश गरेको उजुरी

विषय:

उजुरवालाको पूरा नाम, थर:
ठेगाना:
टेलिफोन:
मेबाईल नं.:

विरुद्ध

ऐन नियम विपरित कार्य गर्ने व्यक्ति, व्यवस्थापक, उत्पादक, वितरक वा विज्ञापन वा प्रायोजन गर्ने व्यक्ति वा संस्थाको नाम, थर:
ठेगाना:

१.उजुरीको व्यहोरा: (आरोपित व्यक्तिबाट भएको काम कारवाहीको विवरण)

२. अन्य विवरण: (सूर्तिजन्य पदार्थको नियन्त्रण र नियमन कार्यमा परेको प्रतिकूल प्रभाव)

३. सवुद प्रमाण: (उजुरीलाई पुष्ट्याई हुने खालको)

उजुरवालाको सही:
मिति: